**श्री**

**उपभोक्ता अदालत, काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री राम प्रसाद शर्मा**

**सदस्य श्री गेहेन्द्र राज रेग्मी**

**सदस्य श्री आनन्दराज पोखरेल**

**फैसला**

**मुद्दा नं. ०८१-CP-०००५**

**नि. नं. ५**

**दायर मितिः २०८२।१।२**

**फैसला मितिः २०८२।२।२९।५**

**मुद्दाः-क्षतिपूर्ति भराई पाउँ।**

रिप बज्रन खड्काको छोरा, नुवाकोट जिल्ला, साविक कल्यानपुर गा.वि.स. वडा नं. ६ को परिवर्तित ऐ. जिल्ला विदुर नगरपालिका वडा नं. १३ बस्ने नानीकाजी खड्का.....१ **वादी**

**विरुद्ध**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २७, जमलमा मुख्य कार्यालय रहेको जि.आर.एस. टु व्हिलर्स अटो प्रा.लि. (G.R.S. Two Wheelers Auto Pvt. Ltd.) ...१ **प्रतिवादी**

ऐ. को Managing Director गौतम पाटी ........................................................१

MAW Pvt. Ltd., Tripureshwor, Kathmandu, Nepal ..............................................१

**वादीको साक्षीः×** **प्रतिवादीको साक्षीः×**

**कागजः×** **कागजः×**

**अदालतबाट बुझेको**

**साक्षी।कागजः×**

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ र ५० बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

**तथ्य खण्डः-**

१. मैले जि.आर.एस. टु व्हिलर्स अटो प्रा.लि. जमल, काठमाडौंबाट मिति २०८१।६।१८ का दिन चलान नं. ३०१ मार्फत Yamaha कम्पनीको FZ-X BS6 मोडेल (च्यासिस नम्वर ME1 RG 732 BN0030942, इन्जिन नं. G3N5E0294531, सवारी दर्ता नं. लु ९१ प ६७५) को १ थान मोटरसाइकल जम्मा रु. ४,४५,९००।- (अक्षरेपी चार लाख पैंतालिस हजार नौ सय रुपैयाँ) मा खरिद गरेको थिएँ। सामान खरिद गर्दाका वखत विपक्षी जि.आर.एस. टु व्हिलर्स अटो प्रा.लि. र एम.ए.डव्ल्यु. प्रा.लि.ले मोटरसाइकलको इन्जिन, व्याट्री लगायत सम्पूर्ण पार्टपुर्जामा १८ महिनासम्म वारेन्टी दिने भनी विज्ञापन तथा मौखिक जानकारी गराएको थियो। विपक्षीलाई रकम भुक्तान गरेपश्चात मलाई नियमानुसार भ्याट\प्यान विल दिनुपर्नेमा चलान नं. ३०१ मा रकम लिएको देखाई चलान पुर्जीमात्र दिएको, खरिद विल र सवारी दर्ता प्रमाणपत्र पछि उपलव्ध गराउने जानकारी गराएको थियो। मैले मोटरसाइकल खरिद गरेपश्चात सवारी दर्ता प्रमाणपत्र प्राप्त गर्दा उक्त मोटरसाइकलको दर्ता नं. बा.प्र. ०२।०५४।प।७२७४ तथा बनेको साल २०२२ भनी उल्लेख गरेको पाएँ। त्यस समयमा विपक्षीले सवारी दर्ता प्रमाणपत्र मात्र उपलव्ध गराएको तर भ्याट\प्यान विल पटक पटक माग गर्दा समेत उपलव्ध गराएनन्। मोटरसाइकल उपलव्ध गराउँदा नयाँ लटको मोटरसाइकल भनी विश्वास दिलाएको तर दर्ता प्रमाणपत्र पाउँदा २०२२ मा बनेको देखेपश्चात के कसो भएको हो भनी विपक्षीलाई जानकारी गराउँदा उक्त सालको अन्तिमतिर बनेको हो भनी विक्रेताले मलाई एक वर्ष अघि बनेको मोडेल भएतापनि हालै मात्र लञ्च गरेको र गुणस्तरमा कुनै कमी कमजोरी छैन ढुक्क हुनु भनी आश्वश्त पारेको थियो। तर, प्रयोग गर्न थालेको केही समयमा नै उक्त मोटरसाइकल सेल्फ स्टार्ट नहुने, व्याट्रीले काम नगर्ने, रङ् खुइलिने, पिकअप राम्रो नदिने, धुवाँ बढी फाल्ने, माइलेज अनुसार फ्युल समेत बढी खर्च हुने र इन्जिनमा समस्या आउन थालेपश्चात विपक्षीलाई जानकारी गराएको थिएँ। विपक्षीले कम्पनी अन्तर्गतको सर्भिसिङ्ग सेन्टरमा मर्मतको लागि जान भने बमोजिम नुवाकोटको सम्बन्धित मर्मतस्थलमा जाँदा लुब्रिकेन्ट, मोविल, व्याट्रीमा समेत रु. ३५०१.३२ खर्च गर्न वाध्य बनाएको तथा बारम्बार मर्मत गर्नु पर्यो। सो कुरा जि.आर.एस. टु व्हिलर्स अटो प्रा.लि. तथा यसका Managing Director गौतम पार्टीलाई जानकारी गराउँदा हाल यसको वारेन्टीको म्याद कम्पनीले नै हटाएको हुँदा वारेन्टी दिन नसक्ने भनी जानकारी गराउनु भयो। सो व्यहोरा समेत खुलाई Yamaha मोटरसाइकलको मुख्य वितरक MAW Pvt. Ltd., Tripureshwor लाई जानकारी गराउँदा सो बारेमा आफूले केही गर्न नसक्ने जनाई जि.आर.एस. टु व्हिलर्स अटो प्रा.लि. मा नै गई वारेन्टी\ग्यारेन्टी दावी गर्नु भनी जवाफ दिए। यसरी सवारी विक्री गर्दा विज्ञापन गरेजस्तो गुणस्तरीय नभएको र १८ महिनाको वारेन्टी\ग्यारेन्टी अवधिमा सम्पूर्ण पार्टपुर्जाहरुमा वारेन्टी दिने भनी गरिएको दावी बिपरित निःशुल्क मर्मत सम्भार नगरेकोले मैले विल अनुसार भुक्तानी गरेको साँवा रकम, भरी भराउ हुँदाको मितिसम्मको कानून अनुसारको क्षतिपूर्ति रकम, सम्पूर्ण अदालती शुल्क समेत दिलाई भराई चलन चलाई पाउँ भन्ने व्यहोराको **फिराद दावी।**

२. मुद्दाको तथ्यको प्रकरणमा भए बमोजिमको कारोबार भएको बेहोरा ठिक साँचो हो। वादीले उक्त मोटरसाइकल किन्न इच्छा व्यक्त गरे अनुसार वादी दावी अनुसारको सुरु मूल्यमा

आफ्नो सवारी दर्ता नं. बा ७७ प ९१८३ को Hero Honda Hornet मोटरसाइकल Exchange गराई सो वापत रु.९०,०००।- (अक्षरेपी नव्वे हजार रुपैयाँ) तथा सन् २०२२ को मोडेलको मोटरसाइकल लिएवापत छुट स्वरुप ४५,९००।— घटाइ त्यसमा वीमा तथा नामसारी गर्दा लाग्ने खर्च जोडी जम्मा रु. ३,१५,०००।— कम्पनीलाई भुक्तान गरेका हुन्। फिराद दावीमा उल्लेख गरेजस्तो रु. ४,४५,९००।— मा खरिद गरेका होइनन् र निजको चाहना अनुसार नै २०२२ को मोडेलको मोटरसाइकल उपलव्ध गराइएकोले छुट समेत उपलव्ध गराइएको हो। यसरी Exchange र छुट उपलव्ध गराएको विषयमा फिरादी मौन रहेबाट विपक्षीको सफा नियत नरहेको स्वतः स्पष्ट हुन्छ। यस कम्पनीले YAMAHA Policy अनुसार १ वर्ष तथा १ वर्ष भित्र १०,००० कि.मि. को वारेन्टी प्रदान गरेको हुन्छ जुन authorized service center मा समय भित्र सर्भिसिङ्ग भएको अवस्थामा वारेन्टी लागू हुन्छ। वादीले मोटरसाइकलको कुन पार्टसमा समस्या आएर वारेन्टीको लागि दावी गर्नुभएको हो तथा कम्पनीले कुन पार्टसमा वारेन्टी उपलव्ध नगराएको हो ? सो वारेमा विपक्षी स्वयं अनभिज्ञ हुनुहुन्छ। मोटरसाइकल डेलिभरी गर्दा चलान, भ्याटविलको प्रति र Cash Receipt उपलव्ध गराइएको थियो, सक्कल भ्याट विल यातायात व्यवस्था कार्यालयको सक्कल फाइल रेकर्डमा रहने व्यवस्था रहेको छ। कुनै वस्तुको वारेन्टी Manufacturing Defect भएमा मात्र लागू हुने हुन्छ तर विपक्षीको हकमा त्यस्तो अवस्था नरहेको र विपक्षीले खरिद गरी लिएको सवारी साधन प्रचलित स्टयाण्डर्ड अनुसारको गुणस्तरयुक्त रहेको छ। विपक्षीले आफूखुसी २०२२ मोडेलको मोटरसाइकल लिएर खरिद गरेपश्चात फाइदा लिइसकेपछि विरोध गर्न नपाइने (Doctrine of Approbate and Reprobate) सिद्धान्त समेतको आधारमा फिराद दावी खारेज गरी पाउँ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १४ को व्यवस्था अनुसार कसैले विक्रेताबाट खरिद गरेको वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिन भित्र फिर्ता गर्न पाउनेमा वादीले यस कम्पनीसँग ६ महिना पश्चात सामान फिर्तागरी पाउँ भनी गरेको दावी खारेजभागी छ भन्ने व्यहोराको प्रतिवादी जि.आर.एस. टु व्हिलर्स अटो प्रा.लि. तथा सञ्चालक\अध्यक्ष गौतम पाटीको **प्रतिउत्तर जिकिर।**

३. ऐ. व्यहोराको साथै मोटरसाइकल खरिद विक्रीको मिति २०८१।६।१९ रहेको र उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५० अनुसार ६ महिना भित्र क्षतिपूर्तिको लागि फिराद दायर गर्नुपर्नेमा म्याद नघाएर मिति २०८२।१।२ मा मात्र फिराद दर्ता भएकोले हदम्याद नघाई फिराद दर्ता गराएकोले खारेज हुनुपर्छ। प्रस्तुत फिरादमा मुलुकी देवानी संहिता, २०७४ को वस्तु विक्री सम्बन्धी करारको दावी, उपभोक्ता संरक्षण ऐन २०७५ को दावी र मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दुष्कृति सम्बन्धी व्यवस्थाको दावी लिएको देखिएको र यस उपभोक्ता अदालतले उपभोक्ता संरक्षण ऐन, २०७५ ले तोकिएको विषयमा मात्र क्षेत्राधिकार ग्रहण गर्न सक्ने हुँदा फिरादमा दावी लिएको अन्य कानूनको विषयमा क्षेत्राधिकार ग्रहण गर्न मिल्ने होइन। तसर्थ, यस मुद्दामा प्रारम्भिक सुनुवाई गरी मुद्दा खारेज गरीपाउँ भन्ने व्यहोराको एम.ए.डव्लु. प्रा.लि.को **प्रतिउत्तर जिकिर।**

## ठहर खण्डः-

४. अदालतमा मिति २०८२।१।८ मा प्रतिवादी जि.आर.एस. टु व्हिलर्स अटो प्रा.लि. समेतले पेश गरेको प्रतिउत्तर-पत्र साथ संलग्न भएको कागजात हेर्दा उक्त प्रतिवादिले मिति २०८१।६।२० मा जारी गरेको इन्भोइस नम्वर GRSSB/2215 को भ्याट विलको Description खण्डमा MFD 2024 (उत्पादन मिति २०२४) भनी लेखिएको देखियो, तर सोही मोटरसाइकल MAW Enterprises Pvt. Ltd. (Yamaha) ले मिति २०८०।०९।२९ मा जि.आर.एस. टु व्हिलर्स अटो प्रा.लि.को लागि जारी गरेको इन्भोइस नम्वर STPUSPI80/81-01567 मा BG\LC Date 07.12.2022 भनी लेखिएको र सो अनुसार नै भन्सार प्रज्ञापन पत्रसाथ संलग्न इन्भोइस, लुम्बिनी प्रदेश सरकारको सरुवा पत्र, बागमती प्रदेशको दर्ता प्रमाणपत्रमा उत्पादन मिति २०२२ लेखिएको देखियो। यसरी सन् २०२२ मा उत्पादन भएको मोटरसाइकल विक्री गर्दा ग्राहकको लागि जारी गरिएको भ्याटविलमा उत्पादन मिति २०२४ उल्लेख गरेको देखियो।

५. मिति २०८१।६।२० मा खरिद गरेको मोटरसाइकल वादीदावी अनुसार १८ महिनाको वारेण्टी दिने भनिएको तर प्रतिउत्तर जिकिर बमोजिम जम्मा १ वर्षको वारेण्टी रहने भनी दावी लिएको देखिंदा विक्री वितरण गर्दाको कररको आधार मानिने भ्याट विलमा वा चलान विलमा कुनैमा पनि मोटरसाइकल र पार्टसको ग्यारेण्टी\वारण्टी अवधि र लागू हुने शर्तहरु उल्लेख भएको पाइएन। विक्रेताले गुणस्तरीय सवारीसाधन भनी दावी गरी विक्री गरेको २ महिनामा व्याट्रीले काम नगरेकोमा विक्रेताको तर्फबाट अधिकृत मर्मत केन्द्रमा वारेण्टी सेवा दिने दावी गरेको तर वादीले अधिकृत मर्मत केन्द्रमा मर्मत गराउँदा लुब्रिकेन्ट, व्याट्री लगायतमा थप खर्च गर्नुपरेको जनाउँदै फिरादसाथ व्याट्री खरिद गर्नुपरेको मिति २०८१।१२।५ को इन्भोइस नम्वर GRSSB\6507 को विलविजक पेश गरेको देखिन्छ। सवारी आयातकर्ताले नेपाल एजेन्सी ऐन, २०१४ तथा एजेन्सी (संसोधन र एकीकरण) नियमहरु, २०१९ बमोजिम वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा मोटरसाइकल आयातको लागि अधिकृत विक्रेता वा एजेन्सी दर्ता गर्दा समेत वारेण्टीको अवधि, शर्त तथा सो बापतको लागत समेत समेटी मूल्य सूची पेश गरेको हुन्छ। यसरी कानून बमोजिम तोकिएको शर्तमा विक्री वितरण गर्ने भनी अधिकृत विक्रेता भइ उपरोक्त ब्राण्डको मोटरसाइकल तोकिएको क्षेत्रमा वेचविखन गर्ने एकाधिकार पाएको कम्पनीले वादीलाई वारेण्टीका विषयमा सम्बन्धित विक्रेता समक्ष पठाउनु र विक्रेताले निःशुल्क वारेण्टी नदिनुलाई आफूले दिने भनेको सुविधा नदिएको अवस्था देखियो।

६. वारेण्टी वा ग्यारेण्टी भन्ने विषय व्यापारको क्षेत्रमा प्रचलित मान्यता हो। वस्तु उत्पादकले आफ्नो वस्तुको गुणस्तर र विश्वसनीयता प्रवर्द्धन गर्न निश्चित न्यूनतम गुणस्तरको प्रत्याभूति दिने तथा सोको प्रत्याभूतिका लागि वस्तुको उत्पादनमा कुनै प्राविधिक त्रुटी भएमा त्यस्तो सबै त्रुटीपूर्ण उत्पादन बजारबाट फिर्ता गरी उपभोक्तालाई शुरु मुल्य नै फिर्ता गर्नुपर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारिक प्रचलन रहेको छ। उत्पादकले आफ्नो ब्राण्ड इमेज बचाउन र उपभोक्ता बिच आफ्नो विश्वसनीयता कायम गर्न यस्तो कार्य गरेको धेरै उदाहरण छन, जसलाई वस्तु वा सवारीसाधनको गुणस्तरको ग्यारेण्टी गरेको मानिन्छ। तर, व्यापार बजारमा रहेको अर्को मान्यता भनेको वस्तु वा सवारीसाधनको उचित गुणस्तर छ भनी उपभोक्तालाई

आश्वस्त पार्ने र सोको प्रत्याभूतिका लागि न्यूनतम करार अवधिभर वस्तु विग्रेमा वा प्राविधिक कमजोरीका कारणले वस्तु वा सवारीसाधनले राम्ररी कार्य गर्न नसकेमा त्यस्तो वस्तु वा सवारीसाधन दुरुस्त रुपले काम गर्ने गरी मर्मत सम्भार गरीदिने वारेण्टीको प्रत्याभूति गरिएको हुन्छ। यस्तो वारेण्टीको प्रत्याभूति अन्तर्गत वस्तुले दुरुस्त काम गर्न आवश्यक पर्ने मर्मत सेवा, विग्रेका पार्टस तथा लुब्रिकेन्ट लगायतका वस्तुहरु सवै विक्रेताले नै आफ्नै खर्चमा व्यहोरेर वस्तु वा सवारीसाधन दुरुस्त रुपमा सञ्चालन हुनेगरी मर्मत सम्भार गरी क्रेतालाई दिनुपर्ने हुन्छ। वस्तु विक्री गर्दा १ वर्ष वारेण्टी दिने भनिएको तर वस्तु विक्रीपश्चात वस्तु सु-सञ्चालन हुन नसकी विग्रेमा त्यसको मर्मत गर्दा पार्टसको वारेण्टी, लुब्रिकेन्टको वारेण्टी, मर्मत सेवाको वारेण्टी भनी प्रश्न गरी सवारीसाधन दुरुस्त सु-सञ्चालन हुनेगरी मर्मत गर्न अतिरिक्त रकम वा मूल्य लिने गरेको विषय उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ को खण्ड (घ), दफा ११ को खण्ड (ङ) तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम ६, तथा एजेन्सी (संसोधन र एकीकरण) नियमहरु, २०१९ बमोजिम विक्रेता र आयातकर्ता (अधिकृत विक्रेता) ले आफ्नो दायित्व पुरा गरेको अवस्था देखिएन।

७. वादी दावी अनुसार गुणस्तरहीन मोटरसाइकल विक्रेताले झुक्यानमा पारेर विक्री गरेको भनी फिराद गरेकोमा सम्बन्धित यातायात कार्यालयबाट मोटरसाइकलमा कुनै उत्पादन त्रुटी रहे नरहेको, हाल मोटरसाइकलको स्वाभाविक क्षमतामा ह्रास आएको हो होइन ? सो सम्बन्धमा मेकानिकल इन्जिनियरबाट मोटरसाइकलको जाँच गरी पेश गर्न भनी यस अदालतबाट मिति २०८२।०१।२५ मा दिएको आदेशानुसार यातायात व्यवस्था कार्यालय मोटरसाइकल, गुर्जुधारा, काठमाडौंको च.नं. १०१८७, मिति २०८२।२।२० को प्राविधिक प्रतिवेदन सहितको पत्रबाट उक्त मोटरसाइकल सन् २०२२ मा बनेको, टेस्ट ड्राइभ गर्दा १ देखि ५ गियरमा ४०००-५००० आर.पी.एम. मा घुमेकोले यान्त्रिक निरीक्षण सामान्य रहेको तर मोटरसाइकलको क्षमता ह्रास मापन विषयमा तुलनात्मक क्षमता चेकजाँच गर्ने संयन्त्र कार्यालयमा उपलव्ध नभएको भन्ने प्रतिवेदन प्राप्त भएको पाइयो। नेपालको अटो बजारमा प्रायः गाडीहरु आयात हुने अवस्थामा सवारीको गुणस्तर र क्षमता मापन गर्ने संयन्त्र यातायात नियमन गर्ने निकायमा नहुनु विचारणीय विषय हो। यस्तो अवस्थामा आयात गरिने सवारी साधनको गुणस्तर मापनको लागि सम्बन्धित निकायबाट आवश्यक प्रवन्ध गर्नुपर्ने अवस्थालाई अनदेखा गर्न मिल्दैन। सवारीको चक्काको घुमाई परिक्षण गरी सडकको प्रकृति, भार बहन र चाहिएको गति अनुसार कुनै तोकिएको मोडेलको सवारीसाधनले के-कति क्षमतामा काम गर्नुपर्ने हो, सो अनुसार गर्यो गरेन भनी परीक्षण गर्न नसकेको अवस्थामा यातायात कार्यालयको प्रतिवेदनले दावी गरेझैं उत्पादनमा तुलनात्मक रुपमा कुनै त्रुटी थियो थिएन भन्ने प्रश्नमा सन्तुष्ट हुन सकिएन। उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न पाउने हकलाई नेपालको संविधानको धारा ४४ ले मौलिक हकको रुपमा राखेको छ। कानूनी रुपमा सो हकको प्रचलनको लागि उपभोक्तालाई हुने हानि नोक्सानी वापत क्षतिपूर्ति समेत उपलब्ध गराउने उद्देश्य उपभोक्ता संरक्षण ऐन, २०७५ ले लिई प्रचलनमा आएको अवस्था छ। विक्रेता तथा सेवा प्रदायकले कुनै पनि शर्तमा उपभोक्ताको हक हितलाई असर पर्ने गरी व्यवहार तथा कार्य गर्न कानूनले बन्देज लगाएको छ। यस्तो कार्य भएको अवस्थामा

उपभोक्ताले कानून बमोजिम क्षतिपूर्ति दावी गर्न पाउने नै हुन्छ। उपभोक्ताको अधिकारको संरक्षण गर्नु बिक्रेताको समेत कर्तव्य हुन आउँछ।

८. फिरादसाथ पेश गरेको मोटरसाइकल खरिदको विल अनुसार मोटरसाइकल २०२४ मा बनेको भनी उल्लेख भएकोमा सवारी दर्ता प्रमाणपत्र लगायतका अन्य प्रमाणको आधारमा मोटरसाइकल सन् २०२२ मा बनेको देखिनु, मोटरसाइकलको क्षमता मापन प्रतिवेदन स्पष्ट नहुनु, मोटरसाइकलको वारेण्टी अवधिभित्र मोटरसाइकलको व्याट्री काम नलाग्ने भई परिवर्तन गर्नु परेकोमा वारण्टी अवधिभित्र प्रतिवादीले वादीलाई निःशुल्क व्याट्री परिवर्तन तथा जडान नगराएको कारण वादी आफैंले रकम भुक्तानी गरी खरिद गरेको देखिएको यस अवस्थामा निज प्रतिवादिहरुले वादीलाई उपलव्ध गराउनु पर्ने गुणस्तरीय मोटरसाइकल तथा निःशुल्क वारेण्टी उपलव्ध नगराएको कारण उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५२ बमोजिम वादीलाई पर्न गएको प्रत्यक्ष आर्थिक क्षति, कानूनी र अदालती खर्च, मानसिक क्षति, दैनिकीमा असहजता लगायतका परिणाममा आधारित अप्रत्यक्ष क्षति, असहजता लगायतका कारणले उपभोक्ताको समय, जीवन तथा व्यवसायमा पर्ने क्षति तथा विक्रेताले विलविजकमा गरेको कमजोरी र वारेण्टीमा गरेको करार उल्लंघन लगायतका कारणले उत्पन्न हुने दण्डनीय क्षती समेतलाई विचार गर्दा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५१ समेतका आधारमा प्रतिवादीहरु मध्येका G.R.S. Two Wheelers Auto Pvt. Ltd. र M.A.W. Pvt. Ltd. बाट दामासाहीका हिसावले जम्मा रु. ३,९३,०००।— (अक्षरेपी तीन लाख त्रियानव्वे हजार रुपैयाँ मात्र) क्षतिपूर्ति बापत वादीलाई दिलाई भराइ दिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

माथि ठहरे बमोजिम वादीले प्रतिवादीबाट रु.३,९३,०००।— (अक्षरेपी तीन लाख त्रियानव्वे हजार रुपैया मात्र) क्षतिपूर्ति भराई पाउने ठहरेकाले सोही बमोजिमको लगत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२९(१) बमोजिम तयार गरी काठमाडौं जिल्ला अदालत तहसिल शाखालाई दिई उपस्थित पक्षलाई सोही संहिताको दफा २३५ बमोजिम फैसला कार्यान्वयनको लागि तहसिल शाखामा तारिख तोकी पठाइदिनू-----------------------------------------------१

वादीले फिरादसाथ दाखिला गरेको अदालती शुल्क रु.१०००।- प्रतिवादीबाट भराई लिन पाउने हुँदा सो भराई दिनु भनी वादीले कानूनको म्यादभित्र निवेदन दिए मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट वादीलाई भराई दिनु भनी तहसिल शाखामा लगत दिनू-------------------------------------------------------------------------------------२

प्रस्तुत फैसलामा चित्त नवुझे ३० दिनभित्र श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी वादी र प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू-----------------------------------------------३

यो फैसलासहितका मिसिल संलग्न कागजातहरुको प्रतिलिपि पाउँ भनी सरोकारवालाले निवेदन दिए नक्कल दिनू---------------------------------------------------------------------------४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी यो फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ---------------------------------------------५

सदस्य सदस्य अध्यक्ष

फैसला तयार गर्ने सहयोग पुऱ्याउनेः- इजलास अधिकृत होमनाथ कंडेल

इति सम्वत २०८२ साल जेठ महिना २९ गते रोज ५ शुभम्--------------------।

फैसला प्रमाणीकरण मितिः २०८२।०३।१२

अदालतको छाप